आ.व. २०८१।०८२
वैठकः- नगर कार्यपालिका वैठक
अध्यक्षताः- नगर प्रमुख सन्तोष लाल श्रेष्ठ

वैठक नं. ०८।०८१।०८२
मितिः-२०८१।११।०८ गते
स्थानः- ता.न.पा मिनिहल
समयः- दिउसो ३.०० वजे

तानसेन नगर कार्यपालिकाको वैठक तानसेन नगरपालिकाका नगर प्रमुख श्री सन्तोष लाल श्रेष्ठ ज्युको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

## उपस्थिति

| उपस्थिति | नाम थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | श्री सन्तोषलाल श्रेष्ठ | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष |
| | श्री प्रतिक्षा सिंजाली | नगर उपप्रमुख | ता.न.पा. ४ | सदस्य |
| | श्री यादव सिंह कार्की | वडा अध्यक्ष (प्रवक्ता) | ता.न.पा.११ | सदस्य |
| | श्री सुनिल कुमार वस्याल | वडा अध्यक्ष | ता.न.पा. १ | सदस्य |
| | श्री महेश्वर श्रेष्ठ | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य |
| | श्री वावुरत्न शाक्य | वडा अध्यक्ष | ता.न.पा ३ | सदस्य |
| | श्री हेमन्तराज शाक्य | वडा अध्यक्ष | ता.न.पा. ४ | सदस्य |
| | श्री राम वहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य |
| | श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य |
| | श्री प्रदिप खनाल | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य |
| | श्री सोमनाथ अर्याल | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य |
| | श्री राजेश कुमार अर्याल | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य |
| | श्री हिमलाल पंगेनी | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य |

CamScanner

| | | | |
|---|---|---|---|
| श्री मेजर सिंह केसी | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य |
| श्री शोभाकर भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य |
| श्री लक्ष्मी नेपाल | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री मन्जु वि.क | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री सविता भट्टराई | कार्यपालिका सदस्य | ता.न.पा. २ | सदस्य |
| श्री पुजा रावल | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री दिनेश गन्धर्व | कार्यपालिका सदस्य | ता.न.पा. ६ | सदस्य |
| श्री संजय घले | कार्यपालिका सदस्य | ता.न.पा. ४ | सदस्य |
| श्री अनु रामदाम | कार्यपालिका सदस्य | ता.न.पा. १० | सदस्य |
| श्री पितामवर पाण्डे | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा.का | सचिव |

CamScanner

निर्णय नं. १

तानसेन नगर कार्यपालिकाको मिति २०८१।१०।२७ गतेको वैठकवाट भएका निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो ।

निर्णय नं. २

राष्ट्रिय योजना आयोगवाट मिति २०८१।१०।१६ गते जारी सूचना तथा आयोगवाट जारी समपुरक तथा विशेष अनुदान कार्यविधि, २०८१ वमोजिम यस नगरपालिकावाट आगामी आ.व.२०८२/०८३ को लागि देहाय वमोजिमका योजनाहरु माग गर्ने निर्णय गरियो ।

देहाय :

संघ विशेष अनुदान तर्फ :

| सि.नं. | कार्यक्रम तथा योजनाको नाम | ठेगाना | प्राथमिकता क्रम | नयाँ/क्रमागत |
|---|---|---|---|---|
| १ | तल्लो खल्डुकवोट खानेपानी आयोजना | ता.न.पा.५ | क्रमागत | क्रमागत |
| २ | शिवपोखरी ल्याण्डफिल्ड साइट निर्माण तथा व्यवस्थापन | ता.न.पा.५, शिवपोखरी | पहिलो | नयाँ |
| ३ | वौघागुम्हा खानेपानी योजना | ता.न.पा.१३, वौघागुम्हा | दोस्रो | नयाँ |

संघ समपुरक अनुदान तर्फ :

| सि.नं. | कार्यक्रम तथा योजनाको नाम | ठेगाना | प्राथमिकता क्रम | नयाँ/क्रमागत |
|---|---|---|---|---|
| १ | बतासेडाँडा-चण्डिभञ्ज्याङ्ग-भुल्के - जोर्ते सडक निर्माण योजना | ता.न.पा.५,११,१२ | क्रमागत | क्रमागत |
| २ | कोलाहाले-खयरतुङ्ग-नामीकुवा-लुहुङ्ग सडक स्तरोन्नती | ता.न.पा.११,१२ | पहिलो | नयाँ |
| ३ | पालेपिपल-पैरापानी-वर्तुङ्ग-भोटेचौपारी मोटरवाटो स्तरोन्नती | ता.न.पा.६ | दोस्रो | नयाँ |

निर्णय नं. ३

मिति २०८१।११।१५ गते मगर दिवसको अवसरमा तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय साथै मातहतका कार्यालय, शिक्षण संस्था, स्वास्थ्य संस्था र अन्य संघ संस्थाहरुलाई उक्त दिन सार्वजनिक विदा दिने निर्णय गरियो ।

निर्णय नं. ४

किसान सूचिकरण प्रणाली व्यवस्थापन तथा संचालन निर्देशिका, २०८१ को दफा दफा २२ (५) को आधारमा देहाय वमोजिमको स्थानीय किसान सूचिकरण कार्यान्वयन तथा समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

पितम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

CamScanner

देहाय :

| | |
|---|---|
| नगर उप प्रमुख | संयोजक |
| संयोजक आर्थिक विकास समिति | सदस्य |
| कृषि ज्ञान केन्द्र, पाल्पाका प्रतिनिधि | सदस्य |
| पशु सेवा शाखा प्रमुख, ता.न.पा. | सदस्य |
| कृषि विकास शाखा प्रमुख, ता.न.पा. | सदस्य सचिव |

**निर्णय नं. ५**

राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद संचालन तथा व्यवस्थापन मूल समितिको बैठकवाट सिफारिस भए अनुसार मिति २०८१ फाल्गुण ११ देखि १३ गतेसम्म तानसेन नगरपालिका वडा नं. ६ टुँडिखेलमा राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

तानसेन खानेपानी उपभोक्ता समितिबाट ता.न.पा वडा नं. ५ को वतासेडाँडा क्षेत्रमा खानेपानी टंकी निर्माणको लागि ०.६ हेक्टर क्षेत्रफल रहेको जग्गाको भोगाधिकारको लागि सम्वन्धित निकायमा सिफारिसको लागि अनुरोध गरेकोमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकारमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको पहिचानको लागि वायोमेट्रिक मेशीन गरिदको लागि रकम रु. २ लाख ५० हजार र ईहाजिरी मेशिन १४ थान खरिद गर्न रु.२ लाख गरी जम्मा रकम रु. ४ लाख ५० हजार चालु आ.व.को नगर विकास योजनाको मेयर पूर्वाधार विकास कार्यक्रम शिर्षकवाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

लुम्बिनी र गण्डकी प्रदेशको मुख्यमन्त्री स्तरीय समन्वयात्मक बैठक मिति २०८१।१०।३० गते तानसेन नगरपालिका वडा नं. १३ स्थित रानीमहलमा सम्पन्न भएको व्यहोरा बैठकमा जानकारी भयो । उक्त बैठकको लागि खाना तथा खाजा व्यवस्थापन बापतको रकम रु.१२५९५०।०० (२५१९०० को ५० प्रशितत), अन्य प्रशासनिक व्यवस्थापन, यातायात खर्च रु.४६४६५ गरी कुल रकम रु.१७२४१५ चालु आ.व.को नगर विकास योजनाको मेयर पूर्वाधार विकास कार्यक्रम शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

श्री निशान भगवती मन्दिरमा शिलालेखन कार्यको लागि रकम रु.८०००० र मेशिनरी कार्यको लागि रकम रु.५५१२९।८५ गरी जम्मा रकम रु. १३५१२९।८५ चालु आ.व.को नगर विकास योजनाको मेयर पूर्वाधार विकास कार्यक्रम शर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

पितम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

निर्णय नं. १०

ता.न.पा. १ गोर्खेकोट देउराली देखि वगनासकाली सिमानासम्मको वाटो विस्तार गर्न आवश्यक कार्य अगाडि वढाउने निर्णय गरियो । साथै सोका लागि आवश्यक तयारी एवं समन्वय र सहिजकरण गर्न ता.न.पा.वडा नं. १ का वडा अध्यक्षलाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

निर्णय नं. ११

काठमाण्डौं इन्जिनियरिङ्ग कलेजसँगको सहकार्य र साझेदारीमा तयार गरिएको तानसेन सम्पदा संरक्षण तथा पर्यटन गुरुयोजना प्रस्तुति र हस्तान्तरण कार्यक्रमको लागि बैठक, चियापान खर्चको लागि चालु आ.व.को नगर विकास योजनाको चालु/विविध शिर्षकवाट रकम रु.१००००।०० विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

तानसेन नगरपालिका र UNOPS-Cities 4 Women: Inclusive and Climate Resilient Urbanization in Nepal कार्यक्रमको साझेदारीमा संचालित आयोजना तर्फ यस अगाडि भएको Project Cooperation Agreement (PCA) अनुमोदन गरी **Terso Sadak Project** को कार्य अगाडि वढाउन design, drawings, specifications and cost estimates स्वीकृत गरियो । उक्त योजना कार्यान्वयनको लागि ठेक्का प्रक्रिया अगाडि वढाउने निर्णय गरियो ।

निर्णय नं. १३

नेपाल सरकार गृह मन्त्रालयको परिपत्र अनुसार प्रजातन्त्र दिवस, २०८१ को अवसरमा अपाङ्गता भएका वालवालिकाहरुलाई आवश्यक सामग्री वितरण गरको रकम रु.२५००० अनुमोदन गर्ने निर्णय गरियो । साथै उक्त रकम चालु आ.व.को नगर विकास योजनाको चालु/विविध शिर्षकवाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

वसपार्क निर्माणको कार्यबाट तानसेन नगरपालिका वडा नं. ५ मा अवस्थित पानीको मूलमा धमिलो पानी भएकोले मुल व्यवस्थापन र ग्याभियन पर्खाल निर्माणको लागि लागत अनुमान वमोजिम चालु आ.व.को नगर विकास योजनाका विपद व्यवस्थापन कोष शिर्षकबाट रकम रु.९००००।०० विनियोजन गरी प्राविधिक मूल्यांकन वमोजिम भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. १५

संघीय विशेष अनुदान तर्फबाट विगत आर्थिक बर्षमा निर्मित दमकडा माध्यमिक विद्यालय आवासीय शिक्षण परियोजना, तानसेन नगरपालिका वडा नं. ९ को निर्माणको कार्य अधुरो रहेको हुँदा उक्त अधुरो योजना आगामी आ.व. २०८२/०८३ मा सम्पन्न गर्ने प्रतिवद्धता सहित राष्ट्रिय योजना आयोगमा लेखि पठाउने निर्णय गरियो ।

पितम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

CamScanner

निर्णय नं. १६

प्रदेश समपुरक तथा विशेष अनुदान तर्फ यस नगरपालिकाबाट आगामी आ.व.२०८२/०८३ को लागि देहाय बमोजिमका कार्यक्रम तथा योजनाहरु माग गर्ने निर्णय गरियो । साथै लुम्बिनी प्रदेश योजना आयोगबाट प्राप्त हुने विशेष र समपुरक योजना सम्बन्धी अद्यावधिक कार्यविधि अनुसार योजना कार्यक्रम छनोटमा परिमार्जन गर्ने समेत गर्ने निर्णय गरियो ।

**प्रदेश विशेष अनुदान तर्फ :**

| प्राथमिकता नं. | कार्यक्रम तथा योजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | मगर धारा लिफ्टिङ्ग खानेपानी आयोजना | ता.न.पा.१,५ | नयाँ योजना |

**प्रदेश समपुरक अनुदान तर्फ :**

| प्राथमिकता नं. | कार्यक्रम तथा योजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | तिन्टीआँप-खहरेडाँडा-गुन्द्राखोल्सा-जुम्लीबारी-भगाहापोखरा | ता.न.पा.९ | नयाँ योजना |
| २ | वर्तुङ्ग-नयाँगाउँ-बरभञ्ज्याङ्ग-वडा नं. ७ को कार्यालय | ता.न.पा.७ | नयाँ योजना |
| ३ | रनुवा ठाटी, बद्रीनारायण मन्दिर देखि कोलाचौर हुँदै ख्याहा मोटरबाटो र चेक ड्याम निर्माण योजना | ता.न.पा.१४ | नयाँ योजना |
| ४ | वडा कार्यालय देखि वालकन्या भगवती स्कुल मोटरबाटो | ता.न.पा.१४ | नयाँ योजना |
| ५ | नेटापोखरा-आँमडाँडा-अवल मोटरबाटो स्तरोन्नती | ता.न.पा.१२ | नयाँ योजना |

निर्णय नं. १७

श्रीनगर सौन्दर्यकरण तथा व्यवस्थित उपयोग गर्ने हेतुले उक्त क्षेत्रको ५ हेक्टर जमीनको डि.पी.आर. र आई.इ.इ. को कार्य गर्न तानसेन नगरपालिकाको चालु आ.व.को नगर विकास योजनाको मेयर पूर्वाधार विकास कार्यक्रम शिर्षकबाट रकम रु. ६५००००।- विनियोजन गर्ने निर्णय गरियो ।

पितम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख